# रामनगर गाउँपालिका
RAMNAGAR RURAL MUNICIPALITY
## गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

रामनगर, सर्लाही
Ramnagar, Sarlahi

प्रदेश नं. २ ,नेपाल
Province No. 2, Nepal

पत्र संख्या(L/No) : ०७७-७८

## प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना
(प्रथम पटक प्रकाशित मिति :- २०७७/०४/१६)

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.सं. २०७६/०७७ च.नं. २३ को मिति २०७७/०४/१२ को पत्रानुसार यस गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेका रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०१/२०७७-७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

१. आवश्यक न्यूनतम योग्यता र अनुभव :-

(क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा उतीर्ण भएको,

(ख) अनुभव र सीप : प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछ :

- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको,
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरिवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको ।

(ग) उमेर : कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको

२. दरखास्त दिने स्थान :- रामनगर गाउँपालिकाको कार्यालय, सर्लाही ।

३. दरखास्त दिने अन्तिम मिति :- २०७७/०४/३०

४. आवेदन दस्तुर :- रु ५००/-

५. छनौटको किसिम :- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन (Short Listing) र लिखित परीक्षा

६. आवेदन साथ संलग्न कागजातहरु :- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

- नागरिकता
- न्यूनतम योगताको लब्धांक प्रमाणपत्र
- चारित्रिक प्रमाण पत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट आकारको फोटो

७. सेवा सुविधा :- *गाउँपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया को* दफा (११),(१२) र (१३) बमोजिम हुनेछ ।

८. पदले सम्पादित गर्नुपर्ने कार्यविवरण :- *गाउँपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया को* दफा (बमोजिम हुनेछ ।

**नोट** : प्राविधिक सहायक पदको कार्यविवरण लंगायत अन्य जानकारी www.pmep.gov.np मा उपलब्ध छ ।

.............................................

रामप्रकार महतो

नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

website:- ramnagarmun.gov.np Email:-info@ramnagarmun.gov.np ramnagar.gaupalika@gmail.com
कार्यालय सम्पर्क नं. ९८५४०३८०७४(कार्यालय प्रमुख) , ९८५४०३८९८९(गाउँपालिका अध्यक्ष)